annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६०, पृष्ठ १० | काठमाडौं, सोमबार १५ असार २०८३ | ज्येष्ठ शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४६ | MONDAY, JUNE 29, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




धनुषाको मिथिला नगरपालिका–८ जमुनिबासाका किसान ब्याडबाट धानको बीउ उखेल्दै । ● राजकरण महतो

आवरण समाचार

### आज राष्ट्रिय धान दिवस

# न मल न सिँचाइ, १५ प्रतिशत मात्रै रोपाइँ

आज असार १५ अर्थात् राष्ट्रिय धान दिवस । मानो रोपेर मुरी फलाउने समय । तर, न सिँचाइ, न मल । हर्षोल्लासका साथ रोपाइँ गर्नुपर्ने बेला किसानलाई पिरैपिर । सरकारले धान दिवसलाई उत्सवका रूपमा मनाउने गरे पनि किसानका सधैंका दु:ख उस्तै । कृषिप्रधान देशका किसानले मल र सिँचाइ नपाउँदा रोपाइँ गर्नै पाएका छैनन् । आकाशे पानीको भरमा रोपाइँ गर्नुपर्ने बाध्यताबाट किसानले कहिले मुक्ति पाउने हुन् ? यसै भन्न कठिन छ ।

विस्तृत पृष्ठ २

**केशरराज क्षेत्री** | *बुटवल*
**राजकरण महतो** | *महोत्तरी*
**विस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

## अमेरिकी सैन्य केन्द्रमा इरानको आक्रमण



**तेहरान** (एजेन्सी): इरानले कुवेत र बहराइनमा रहेका अमेरिकी सैन्य केन्द्रलाई लक्षित गरी ब्यालिस्टिक क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको छ। हालै इरानका ५ तटीय चौकीमा भएको अमेरिकी आक्रमणको प्रत्युत्तरमा उक्त आक्रमण गरिएको इरानको इस्लामिक रिभोलुसन गार्ड कोर्प्स (आईआरजीसी)ले जनाएको छ। आईआरजीसीको आधिकारिक समाचार माध्यम 'सेपाह न्युज'मा प्रकाशित विज्ञप्तिअनुसार कुवेतस्थित अली अल सलेम वायुसेना आधार र बहराइनमा रहेको अमेरिकी पाँचौं नौसैनिक बेडासँग सम्बन्धित ८ सैन्य पूर्वाधारलाई लक्षित गरी संयुक्त आक्रमण गरिएको हुन्।

विज्ञप्तिमा अमेरिकी सेनाले आइतबार बिहान आईआरजीसीको नौसैनिक जहाजसँग भएको भिडन्तलाई बहाना बनाएर इरानका ५ तटीय चौकीमा आक्रमण गरेको आरोप लगाइएको छ। आईआरजीसीले अबदेखि 'स्ट्रेट अफ हर्मुज'बाट अनधिकृत रूपमा आवतजावत गर्ने जहाजमाथि अझ कडा कारबाही गरिने चेतावनी दिएको छ। साथै, कुनै पनि सम्भावित आक्रमणको कडा जवाफ दिइने पनि जनाएको छ।

आईआरजीसीले युद्धविराम उल्लंघन हुनु इरान र अमेरिकाबीच हालै भएको शान्तिसम्बन्धी समझदारीपत्र (एमओयू)को उल्लंघन भएको दाबी गर्दै यसले कूटनीतिक प्रक्रियालाई प्रभावित पार्नसक्ने चेतावनी दिएको छ। उसले उक्त समझदारीअनुसार 'स्ट्रेट अफ हर्मुज'मा समुद्री यातायात व्यवस्थापनको जिम्मेवारी इरानको रहेको पनि दाबी गरेको छ।

यसैबीच, कुवेतले आफ्नो भूमिलाई लक्षित गरी भएको इरानी आक्रमणको कडा निन्दा गरेको छ। कुवेती विदेश मन्त्रालयले उक्त आक्रमणलाई देशको सार्वभौमसत्तामाथिको स्पष्ट उल्लंघन भएको उल्लेख गर्दै यसले राष्ट्रिय सुरक्षा तथा क्षेत्रीय स्थायित्वमा चुनौती थपेको जनाएको छ।

बहराइनको गृह मन्त्रालयले पनि इरानी आक्रमणका कारण मुहर्रक गभर्नरेटस्थित एक आवासीय भवनमा क्षति पुगेको जनाएको छ। मन्त्रालयका अनुसार घटनामा कुनै मानवीय क्षति भएको छैन र सम्बन्धित निकायले आवश्यक सुरक्षा तथा उद्धारका कार्य सुरु गरेका छन्।

इरानी सञ्चारमाध्यमका अनुसार आइतबार बिहान इरानको दक्षिणी होर्मोज्गान प्रान्त र केश्म टापुमा पनि धेरै विस्फोट भएका छन्।

# कांग्रेसमा क्रियाशील सदस्यता झन् पेचिलो, देउवा पक्ष असन्तुष्टै

**राधा खनाल** | *काठमाडौं*



कांग्रेस सभापति गगन थापाले 'क्रियाशील सदस्यता नवीकरण नगर्नेलाई पार्टीले नचिन्ने' घोषणा गरे- असार ९ गते। पार्टीमा क्रियाशील सदस्यता नवीकरणको विवाद चर्किरहेका बेला सभापति थापाले झापाबाट गरेको यस्तो घोषणाले कांग्रेसमा थप द्वन्द्व निम्त्याएको छ। सभापति थापाको उक्त घोषणापछि पूर्वसंस्थापन शेरबहादुर देउवा पक्षीय नेताहरू झन् असन्तुष्ट बनेका छन्।

पार्टीको १५औं महाधिवेशनको संघारमा कांग्रेसभित्र क्रियाशील सदस्यता अद्यावधिक प्रक्रिया झन्-झन् पेचिलो बन्दै गएको छ। सदस्यता अद्यावधिक केवल प्रशासनिक कार्य मात्र नभई पार्टीको भावी नेतृत्वको शक्ति सन्तुलन निर्धारण गर्ने प्रमुख माध्यम पनि हो। १४ औं महाधिवेशनमा ८ लाख ६६ हजार २०२ क्रियाशील सदस्य थिए।

पछिल्लो डिजिटल अद्यावधिक अभियानमा ७ लाख ८२ हजार २ सय ९ सदस्य मात्र योग्य देखिएको कांग्रेसले जनाएको छ। तीमध्ये हालसम्म ६ लाख ८७ हजार ९३१ सदस्यको विवरण डिजिटल प्रणालीमा प्रविष्ट भइसकेको छ। तर, करिब १ लाख ७८ हजार सदस्य अझै अद्यावधिक प्रक्रिया बाहिर छन्।

कांग्रेसमा १४औं महाधिवेशनका बेला ८ लाख ६६ हजार २ सय २ क्रियाशील सदस्य थिए। तर, तीमध्ये ६ लाख ८७ हजार ९ सय ३१ सदस्यको मात्र डिजिटल विवरण राखिएको छ । करिब १ लाख ७८ हजार सदस्य अझै अद्यावधिक प्रक्रियाबाहिर छन् । जसमध्ये निर्वतमान सभापति देउवा र वरिष्ठ नेता डा. शेखर कोइराला निकट मानिने जिल्लाका सदस्यहरूको संख्या ठूलो छ।

सभापति थापाले ५ लाखभन्दा बढी क्रियाशील सदस्यता अद्यावधिक भइसकेको र नवीकरण नगर्ने पार्टीका सदस्य नरहने भनेर घोषणा गरेपछि थप विवाद चर्केको छ। देउवा पक्षीय नेता जितजंग बस्नेतले सदस्यता विवाद पूर्णरूपमा समाधान गर्न हालको नेतृत्वले नसकेको दाबी गरे। 'सदस्यता नवीकरणको विषयमा हामी संलग्न छैनौं,' बस्नेतले भने, 'यो पार्टी हितको पक्षमा छैन।'

क्रियाशील सदस्यता व्यवस्थापन केन्द्रीय समितिले डिजिटल प्रमाणीकरण प्रणाली लागू गरेपछि दोहोरो सदस्यता र अनियमितता नियन्त्रण हुने पार्टीको दाबी छ। पार्टीको विधानअनुसार विभिन्न पदको जिम्मेवारी लिन पनि क्रियाशील सदस्य हुनु अनिवार्य छ।

महामन्त्री प्रदीप पौडेलको नेतृत्वमा रहेको क्रियाशील सदस्यता व्यवस्थापन केन्द्रीय समितिले पहिलोपटक अनिवार्य डिजिटल प्रमाणीकरण प्रणाली लागू गरेको हो। यसमा प्रत्येक सदस्यले आफ्नो मोबाइल नम्बर, व्यक्तिगत विवरण र वडास्तरबाट प्रमाणीकरण गराउनुपर्ने व्यवस्था छ। यो प्रणालीले विगतमा हुने दोहोरो सदस्यता, मृत व्यक्तिको नाममा सदस्यता, बसाइँसराइ भइसकेका व्यक्तिको विवरण तथा कागजी प्रक्रियामा हुने अनियमितता नियन्त्रण गर्ने पार्टीको दाबी छ।

तर, यो नयाँ प्रणालीले पार्टीभित्र विवाद निम्त्याएको छ। देउवा कोइराला पक्षले पर्याप्त सहमति नगरी प्रक्रिया अघि बढाइएको, धेरै जिल्लामा प्राविधिक समस्या देखिएको तथा हजारौं पुराना सदस्यहरू छुटेको आरोप लगाएका छन् उनीहरूले सबै पक्षको सहमतिमा मात्र अन्तिम सदस्यता सूची सार्वजनिक गर्नुपर्ने माग गरेका छन्।

» बाँकी पृष्ठ ३

## 'मंगलबारदेखि भारी वर्षा'

**अन्नपूर्ण** (काठमाडौं) : जल तथा मौसम विज्ञान विभागले मंगलबार र बुधबार देशका विभिन्न भागमा मुसलधारे वर्षा हुने जनाएको छ। विभागले आइतबार विशेष बुलेटिन जारी गर्दै सतर्क हुन सुझाव दिएको छ।

विभागका अनुसार असार १६ र १७ गते मनसुनी गतिविधि बढ्न गई मधेस, कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा तथा एक-दुई स्थानमा धेरै भारी वर्षाको सम्भावना छ। देशका पहाडी र तराई भू-भागका धेरै स्थानमा तथा हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्म वर्षाको सम्भावना छ। बंगालको खाडीमा विकसित हुने न्यून चापीय प्रणालीका कारण नेपालमा जलवाष्पयुक्त हावाको प्रवाह क्रमश: बढ्ने भएकाले मनसुन बाँकी भू-भागमा पनि फैलिने सम्भावना छ।

सम्भावित वर्षाको कारणले भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदीनाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, नदी क्षेत्र आसपासका निर्माणकार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने विभागले जनाएको छ।

# वाम शीर्ष नेता एउटै मञ्चमा, सहकार्यको प्रस्ताव

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*




पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको अगुवाइमा एमाले अध्यक्ष केपी शर्मा ओली, नेकपा संयोजक पुष्पकमल दाहाल, नेकपाका सहसंयोजक माधव नेपाल र नेता झलनाथ खनालले आइतबार एउटै मञ्च 'सेयर' गरे । आपसी तिक्तता, मनमुटाव र झैझगडाका कारण टाढिँदै गएका उनीहरू एउटै मञ्चमा देखा पर्दा नेता, कार्यकर्तामा हौसला त थपिएको थियो नै, कम्युनिस्ट शक्तिबीच पुन: सहकार्यको सन्देश पनि प्रवाह भयो । ओली, दाहाल, नेपाल र खनाल चारैजना पूर्वप्रधानमन्त्री पनि हुन् ।

एमालेका तत्कालीन महासचिव मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा उनीहरूसँगै देखिएका हुन् । जेन-जी आन्दोलनपछिको चुनावमा 'शर्मनाक हार' पछि उनीहरूबीच संवाद बढेको छ, सहकार्यमा जोड दिइरहेका छन् । त्यसैकारण पनि नेताहरूले तत्कालै पार्टी एकताको सम्भावना नरहे पनि कार्यगत सहकार्यको सुरुवातको संकेत गरेका छन्।

कार्यक्रममा नेता नेपालबाहेकका अन्य नेताहरूले वामपन्थी एकता अपरिहार्य रहेको उल्लेख गरे। जसमध्ये प्रचण्ड र खनालले वामपन्थी दलहरूबीचको एकता र सहकार्य तत्काल आवश्यक रहेको बताए भने एमाले अध्यक्ष ओलीले वामपन्थी र लोकतान्त्रिक शक्तिहरू मिल्नुपर्नेमा जोड दिए। राजनीतिक रूपमा सक्रिय देखिनुभएकी पूर्वराष्ट्रपति भण्डारीले भने एउटा निर्वाचनको परिणामकै आधारमा कम्युनिस्ट आन्दोलनको भविष्यबारे हतारमा निष्कर्ष निकाल्न उचित नहुने तर्क गरिन्।

**प्रतिगमन रोक्न वाम–लोकतान्त्रिक सहकार्य आवश्यक: केपी शर्मा ओली**

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओलीले मुलुकमा प्रतिगमन रोक्न सबै वामपन्थी र लोकतान्त्रिक शक्तिहरू मिलेर अघि बढ्नुपर्ने बताए । उनले भने, 'यस प्रतिगमनलाई रोक्नका निम्ति सबै वामपन्थी र लोकतान्त्रिक शक्तिहरू मिल्नुपर्छ। अब संविधान संशोधन गर्दा पनि देश र जनताको पक्षमा हुनुपर्दछ। झन्डै दुईतिहाइको बलमा देशविरुद्ध हुने गतिविधि रोकिनुपर्छ।'

अध्यक्ष ओलीले लोकतान्त्रिक शक्तिहरूलाई मिल्न नदिन षड्यन्त्र भइरहेको दाबी गर्दै त्यसैको परिणाम स्वरूप कांग्रेस फुटाइएको आरोपसमेत लगाए। लोकतान्त्रिक शक्तिहरूबीचको सहकार्य बिथोल्न र मुलुकलाई प्रतिक्रान्तिको बाटोमा लैजान उद्यत् समूहहरूले एमालेमाथि समेत प्रहार गर्ने प्रयास गरिरहेको उनको भनाइ छ। एमाले जनताको बहुदलीय जनवाद (जबज) बाट निर्देशित र समाजवाद निर्माणको लक्ष्य बोकेको पार्टी भएकाले आफ्ना नीति र सिद्धान्तमा सजग र सचेत रहेको उनले प्रस्ट पारे। पछिल्लो समय प्रतिक्रियावादी शक्तिहरू सल्बलाएको उल्लेख गर्दै ओलीले भने, 'हामी मरेका छैनौं, फेरि उठ्छौं र प्रतिक्रियावादीहरूलाई परास्त गर्छौं। धुलो टकटक्याउँदै उठेर अग्रगामी परिवर्तनतर्फ अघि बढ्छौं।'

**सरकार र बालेन शाहको आलोचना**

अध्यक्ष ओलीले बालेन शाह नेतृत्वको सरकारका गतिविधिको तीव्र आलोचना गरे। विगतमा असंवैधानिक ढंगले संसद् विघटन गरी चुनावमा गएको प्रसंग उल्लेख गर्दै उनले भने, 'हामीले चुनाव रोकौंभन्दा साथीहरूले एमालेका लागि भिर र आफ्ना लागि हाइवे ठाने। त्यो चुनाव वामपन्थी र लोकतान्त्रिक शक्तिहरूका लागि थिएन, परिणाम पहिले नै तय थियो।

» बाँकी पृष्ठ ५